स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

सू.नं. :

**गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुने सम्वन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२१)

बागमती प्रदेश सरकार/सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय, काभ्रेपलान्चोक र हेलम्बु गाउँपालिकाको संयुक्त लागत साझेदारीमा आ.व. २०८१/०८२ मा सञ्चालन हुने गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत यस हेलम्बु गाउँपालिका भित्र स्थायी बसोबास गर्ने गृहिणी महिलाहरुको सशक्तिकरणको लागि उद्यमशिलता, स्वावलम्बन र सीपमुलक तालिम मार्फत स्वरोजगार एवं आत्मनिर्भर बनाउने उद्देश्यले देहाय बमोजिमको तालिमका लागि तपसिलमा उल्लेख भए बमोजिम योग्यता पुगेका गृहिणी महिलाहरुलाई तपसिलमा उल्लिखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफूले तालिम लिन चाहेको विषय क्षेत्र छनौट गरी सम्बन्धित वडा कार्यालय/कृषि शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

१. **गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत सञ्चालन हुने तालिमको विषय क्षेत्र:**

क. थाङ्का लेखन तालिम

ख. अचार बनाउने तालिम

ग. मौरीपालन तालिम

घ. साबुन बनाउने तालिम

ङ. सिलाई बुनाई तालिम

च. च्याउ खेती तालिम

छ. गलैचा निर्माण तालिम

ज. चिया प्रशोधन तालिम

झ. होमस्टे तथा कुक तालिम

ञ. ईलेक्ट्रिसियन तालिम

२. **तालीमको लागि छनौट गरिएको वडा र क्षेत्र :**

गाउँपालिका भित्रका सबै वडाहरु

३. तालिममा सहभागी हुन पाउने गृहिणी महिलाको योग्यता:

(क) हेलम्बु गाउँपालिकाको स्थायी ठेगाना र बसोबास भएको,

(ख) २० वर्ष देखि ५५ वर्ष उमेर भित्रका विपन्न दलित, सिमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक महिला, शहिद परिवार, एकल महिला, द्वन्द्वपीडित, अपाङ्गता भएका र आर्थिक रुपमा विपन्न गृहिणी महिला हुनुपर्ने,

(ग) कुनै पनि निकायमा स्थायी वा करार सेवामा कार्यरत नभएको।

४. आवश्यक कागजातहरु:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) माथि बुँदा नं. ३(ख) मा उल्लेख भएको उमेर समूहको गृहिणी महिलाको पहिचान खुल्ने विवरण र कागजात,

(ग) वडास्तरीय सहभागी छनौट समितिको सहभागी छनौट सम्बन्धी निर्णय र वडा कार्यालयको सिफारिस,

*(द्रष्टव्य: सहभागी छनौट भइसकेपछि समूह निर्माण, समूह दर्ता, अभिमुखीकरण र तालिम सञ्चालन गरिनेछ।)*

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत